प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, लमजुङ
गण्डकी प्रदेश, नेपाल
☎ ०६६-५२०१३०/५२०१००
Email: akclamjung@gmail.com
lamjung.akc.gov.np

प.स. :
च.नं. :

# कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशन भएको मिति २०७९/०४/३०)

यस कार्यालयको आ.व २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बजेट उप-शीर्षक ३१२०१०१६३ तर्फका तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक लमजुङ जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७९/०५/२८) भित्र (क.सं. ५ बाहेक) तोकिएको ढांचामा कार्यक्रम प्रस्ताव सहित तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

क) कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसंग सम्वन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरण

| क.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग/लागत साझेदारी | कार्यक्रम संख्या | बजेट रू लाखमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरू) |
|---|---|---|---|---|---|
| १ | बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी बढिमा रू ५,०००/- | १० हेक्टर | १० | विविध कारणले ३ वर्षदेखि बांझो रहेको, न्युनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्नेछ। |
| २ | साना व्यवसायिक कृषि फर्म स्थापना तथा विस्तार | कुल लागतको बढिमा ५० प्रतिशत | ४० | ८० | तरकारी, फलफूल, च्याउ, मौरी, पुष्प खेती जस्ता कृषिजन्य बालीको व्यवसायिक फर्म स्थापना वा विस्तार गर्नुपर्ने। |
| ३ | क्षेत्रफलका विस्तारका आधारमा तरकारी खेती प्रवर्दन कार्यक्रम | प्रति रोपनी वा प्रति १०० वर्ग मिटर क्षेत्रफलमा रु ३०००/- | ६ | ३.६ | प्लाष्टिक घरभित्र कम्तिमा २०० वर्ग मिटरमा वा खुल्ला २ रोपनी क्षेत्रफलमा २ सिजन व्यवसायिक तरकारी खेती गरेको हुनुपर्नेछ। |
| ४ | फलफूल नर्सरी तथा स्रोत केन्द्र स्थापना | कुल लागतको बढिमा ५० प्रतिशत | १ | ५ | फलफूल बालीको विरुवा उत्पादनको लागि प्राविधिक सिफारिस बमोजिम नर्सरी स्थापना गर्नुपर्ने। |
| ५ | बालीको बीमा शुल्कमा अनुदान | कुल बिमा शूल्कमा २० प्रतिशत अनुदान | २ पटक | ४ | यस विधाका लागी आर्थिक वर्ष २०७९/८० भर आवेदन दिन सकिनेछ। |
| ६ | Tissue Culture ल्याव संचालन सहयोग | कुल लागतको बढिमा ५० प्रतिशत | १ | १० | तन्तु प्रसारणबाट आलु बीउ तथा फलफूल बालीका गुणस्तरीय बेर्ना उत्पादन गर्ने ल्याव संचालन गर्नुपर्ने। |
| ७ | मसला बाली प्रवर्दन कार्यक्रम | कुल लागतको बढीमा ५० प्रतिशत | ५ | ५ | अलैंची, अदुवा, बेसार, लसुन, प्याज र खुर्सानी जस्ता बालीको खेती गर्नुपर्ने। |

सुदिप खतिवडा
प्रमुख (अधिकृतस्तर नवौं)

☎ ०६६-५२०१३०/५२०१००
Email: akclamjung@gmail.com
lamjung.akc.gov.np

प.स. :
च.नं. :

ख) कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रू लाखमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरू) |
|---|---|---|---|---|---|
| ८ | विशेष बाली प्रवर्दन कार्यक्रम (भट्टमास, तोरी, कागुनो, उवा, सुर्यमूखी, बदाम, मुसुरो आदी) | कुल लागतको बढिमा ९० प्रतिशत | २० हेक्टर | २० | कम्तिमा १० घरधुरी संलग्न भई कम्तीमा २० रोपनी क्षेत्रफलमा खेती गरेको हुनुपर्नेछ। |
| ९ | आलुखेती प्रवर्दन विशेष कार्यक्रम | कुल लागतको बढिमा ९० प्रतिशत | २० हेक्टर | २० | कम्तिमा १० घरधुरी संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा आलुखेती गर्नुपर्नेछ। |
| १० | बीउ उत्पादन कार्यक्रम | कुल लागतको बढिमा ५० प्रतिशत | १० हेक्टर | १० | धान, मकै, गहुं जस्ता बालीको क्लष्टरमा बीउ उत्पादन गर्नुपर्नेछ। |
| ११ | विपन्नवस्तीमा मूख्यमन्त्री कार्यक्रम | कुल लागतको बढीमा ९० प्रतिशत | २ | ४० | सामाजिक आर्थिक दृष्टिले तुलनात्मक रुपमा पछाडी परेका सिमान्तकृत एवम विपन्न वर्ग, क्षेत्र वा समुदायको बाहुल्यता रहेको वस्ती हुनुपर्ने र प्रति समुदायमा ३० घरधुरी समावेश हुनुपर्नेछ। |
| १२ | ग्रामीण पोषण सुरक्षण कार्यक्रम (खाद्य तथा पोषण) | कुल लागतको बढिमा ९० प्रतिशत अनुदान | ४ | २० | एउटा क्लष्टरमा कम्तिमा २५ घरधुरी संलग्न भइ प्लाष्टिक घर निर्माण, भकारो सुधार, मौरी पालन, फलफुलका बिरुवा रोपण, च्याउ घर निर्माण जस्ता कार्यक्रम गर्नुपर्नेछ। |
| १३ | साना सिँचाई कार्यक्रम संचालन (निर्माण तथा मर्मत) | कुल लागतको बढिमा ९० प्रतिशत अनुदान | ३० | ६० | प्रत्येक सिंचाइ योजनाबाट न्यूनतम १० रोपनी क्षेत्रफल सिंचित हुनुपर्नेछ र निर्माण कार्य अनुदानग्राही आँफैले गर्नुपर्नेछ। |
| १४ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | कुल लागतको बढिमा ९० प्रतिशत अनुदान | १ | २ | परम्परागत रुपमा खेती हुँदै आएका बालीहरु जस्तै कोदो, जौ, फापर, उवा, जुनेलो, कागुनो आदीको कम्तीमा १५ रोपनी क्षेत्रफलमा उत्पादन, संकलन, संरक्षण एवम प्रवर्दनका कार्यहरु गर्नुपर्ने। |
| १५ | सामुदायिक बीउ बैंक संचालनको लागि सहयोग | कुल लागतको बढीमा ९० प्रतिशत | २ | ४ | रैथाने तथा स्थानीय बालीहरुको बीउ उत्पादन गर्नुपर्ने साथै अन्य बालीका उन्नत जातको बीउ उत्पादन तथा विस्तार सम्बन्धी कार्यक्रम समेत संचालन गर्न सकिनेछ। |

आवश्यक कागजातहरु

१) रु १०/- को हुलाक टिकट टाँस गरेको निवेदन
२) प्रस्तावना फारम
३) नेपाली नागरिकताको प्रमाणपत्र
४) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि

सुदिप खतिवडा
प्रमुख (अधिकृतस्तर नवौं)

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, लमजुङ
गण्डकी प्रदेश, नेपाल

☎ ९७७-६६-५२०१३०/५२०१००
Email: akclamjung@gmail.com
lamjung.akc.gov.np

प.स. :

च.नं. :

५) वडा कार्यालयको सिफारिश पत्र

६) सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिश पत्र

७) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ

- दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि
- गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
- नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि
- अघिल्ला दुइ आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र

माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ र भूमि व्यवस्था, कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संसोधित मापदण्ड पूर्णरुपमा लागु हुनेछन् ।

पुनश्च : उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरु माथि कुनै प्रकृया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागि
कृषि ज्ञान केन्द्र, लम्जुङ
०६६-५२०१००, ०६६-५२०१३०
९८५६०४५२३०, ९८५६०८०१४०

सुदिप खतिवडा
प्रमुख (अधिकृतस्तर नवौं)